आज मिति २०८२ साल चैत्र १६ गते सोमबार नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको ५८ (अन्ठाउन्नौं) बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका उपस्थितमा बसी देहाय बमोजिमको निर्णय गरीयो।

## उपस्थिति

१. नगर प्रमुखः श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुखः श्री रत्न बहादुर लामा

३. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

४. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

५. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

६. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

७. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

८. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

९. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

१०. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

११. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१२. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१३. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१४. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१५. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१६. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१७. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१८. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

१९. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार

२०. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२१. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

२२. सचिव एवं प्रमुख प्रशासकीय अधिकृतः श्री कृष्ण गिरी

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. संस्थाको नाम संशोधन सम्बन्धमा।
३. तलबभत्ता रकम निकासा सम्बन्धमा।
४. नमोबुद्ध नगरपालिका स्वास्थ्य आकस्मिकता योजना, २०८२ स्वीकृत गर्ने सम्बन्धमा।
५. म्याद थप गर्ने सम्बन्धमा।
६. माइलस्टोनको समयसिमा थप गर्ने सम्बन्धमा।
७. खर्च अनुमोदन गर्ने सम्बन्धमा।
८. साझा उद्यमी केन्द्र निर्माण सम्बन्धमा।
९. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

निर्णय नम्बर २:

यस नमोबुद्ध नगरपालिकामा नियामानुसार दर्ता कायम भएको विश्व स्वतन्त्र क्योकुशिन संगठन नामक संस्थाले नमोबुद्ध नगरपालिका ०७ नम्बर वडा कार्यालयबाट प्राप्त प.सं. २०८२/०८३, च.नं. ८३१, मिति २०८२/११/२६ गतेको सिफारिस साथ प्राप्त आवश्यक कागजात सहित संस्थाको नाम संशोधनका लागि निवेदन पेश गरेको हुँदा नमोबुद्ध नगरपालिकाको संस्था दर्ता सम्बन्धी ऐन, २०७७ बमोजिम श्री विश्व स्वतन्त्र क्योकुशिन संगठनको नाम संशोधन गरी विश्व स्वतन्त्र क्योकुशिन संघ कायम गर्ने।

निर्णय नम्बर ३:

नमोबुद्ध नगरपालिका भित्र रहेका तपसिल बमोजिमका विद्यालयहरुमा विगत लामो समय देखि कार्यरत रही आएका शिक्षकहरुको तलब भत्ता नियमानुसार नगरपालिकाको अन्तरिक श्रोतबाट बेहोर्ने।

तपसिल:

| क्र.म. | विद्यालयको नाम | कार्यरत शिक्षक | तलब स्केल | कैफियत |
|---|---|---|---|---|
| १ | रक्तकाली आ.वि., नमोबुद्ध-०५ | श्री विमला खनाल | २०००० | |
| २ | संसारीदेवी आ.वि., नमोबुद्ध-०४ | श्री शेर बहादुर मिजार | २०००० | |
| ३ | सेतीदेवी आ.वि., नमोबुद्ध-०६ | श्री रमा गौतम | २०००० | |

निर्णय नम्बर ४:

नगरपालिका भित्रका सम्पूर्ण वडाका वडा समितिमा र विधायन समितिमा उत्पन्न भई छलफल र मस्यौदा सहित पेश हुन आएको नमोबुद्ध नगरपालिका स्वास्थ्य आकस्मिकता योजना, २०८२ को दफाबार छलफल गरी परिमार्जन सहित सर्वसम्मत स्वीकृत गर्ने।

निर्णय नम्बर ५:

नमोबुद्ध नगरपालिकाकाको आर्थिक वर्ष २०८१/०८२ को लागि स्वीकृत वार्षिक नगर विकास योजना उल्लेख संघीय सरकार शसर्त अनुदान अन्तर्गत नमुना विद्यालय विकास कार्यक्रम शिर्षकमा विनियोजन भएको बजेट कार्यान्वयन गर्ने सन्दर्भमा मिति २०८१/१२/१५ गते प्रकाशित विद्युतीय बोलपत्र (e-bid) सूचनामा नियमानुसार छनोट भएको श्री एस एण्ड एम निर्माण सेवा प्रा.लि. बीच मिति २०८२/०२/१८ गते भएको सम्झौता (कार्यदिश मिति २०८२/०२/१८) अनुसार NMUN/NCB/WORKS/081/082-10 Construction of administrative Block of Janak Ma Vi निर्माणको कार्य मिति २०८२/१२/१५ गते सम्म सम्पन्न गर्नु पर्ने रहेकोमा निर्माण कम्पनिबाट निर्माण कार्य गर्दै गर्दा विद्यालयको जग्गा र प्राविधिक कारणले कार्य सम्पन्न गर्न ढिला भएको कारण देखाई मिति २०८२/१२/०४ गते म्याद थप गरी पाउँ भनि निवेदन पेश गरेको हुँदा सम्झौता बमोजिमको बाँकी कार्य सम्पन्न गर्ने गरी सार्वजनिक खरिद ऐनको दफा ५६. (२) उपदफा (१) बमोजिम मिति २०८३/०२/१५ गते सम्म म्याद थप गर्ने।

निर्णय नम्बर ६:

नमोबुद्ध नगरपालिकाका र श्री Sanden ABS-J.V. बीच मिति २०८२/०८/२३ गते भएको सम्झौता बमोजिम २० किलो कुलाईनथान सडक (NMUN/NCB/WORKS/02/2082/083) को Special Condition of Contract (SCC) मा Plum Wall-500 Cum/M20PCC-350 Cum को कार्य मिति २०८२/११/३० गते भित्र सम्पन्न गर्नुपर्ने अवस्था रहेकोमा सो JV ले कार्य गर्दै गर्दा बाटोको सिमांकन विवाद, खानेपानी पाईपलाई स्थान्तरण, सडकको मापदण्ड भित्र बनेका अस्थायी तथा स्थायी संरचनाहरु समयमा नै हटाउने, प्रतिनिधि सभा निर्वाचनलाई मध्यनगर गरी सडक सुचारु गर्नुपर्ने अवस्था लगायतका विविध कार्यका कारणले माइलस्टोन अनुसार कार्य सम्पन्न गर्न समस्या भएकोले माइलस्टोनको बाँकि कार्य गर्न समयसिमा (म्याद) बढाई पाउँ भनि मिति २०८२/१२/१५ गते Sanden ABS-J.V ले मिति २०८२/११/१५ मा पेश गरेको प्रगति अनुसार हालसम्म Plum Wall-333Cum/M20PCC-31.39 Cum गरेको र निर्माण जारी रहेकोले माइलस्टोनको समयसिमा २०८३/०१/१५ गते सम्म हुने गरी म्याद थप गर्ने।

**निर्णय नम्बर ७:**

नमोबुद्ध नगरपालिकाका नगर प्रमुखज्यूको नेतृत्वमा सम्पूर्ण वडामा रहेका जनप्रतिनिधिज्यूहरुबाट मिति २०८२ चैत्र ६ गते देखि १० गते सम्म मुस्ताङ जिल्लाको घरपोझोङ गाउँपालिकामा गरिएको अध्ययन अवलोकन भ्रमणका क्रम भएको सम्पूर्ण खर्च अनुमोदन गर्ने।

**निर्णय नम्बर ८:**

बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम मा उल्लेख तथा उद्योग तथा वाणिज्य कार्यालयको प.सं. २०८२/०८३, च.नं. १३६६, मिति २०८२/०९/१८ गतेको आवश्यक समन्वय सम्बन्धी प्राप्त पत्र अनुसार यस नमोबुद्ध नगरपालिकाको वडा नम्बर ०३ स्थित दाहालचौरमा हाल निर्माणाधीन अवस्थामा रहेको कोल्ड स्टोरको क्षेत्रसँगै रहेको साविक मेथिनकोट गा.वि.स. वडा नम्बर ०३ (हाल नमोबुद्ध नगरपालिका वडा नम्बर ०३) कित्ता नम्बर ६४६ को जग्गामा लघु उद्योग लक्षित साझा उद्यमी केन्द्र निर्माणका लागि सम्बन्धित निकायमा सिफारिस साथ अनुरोध गर्ने।